# संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७

**प्रस्तावना :**

कोभिड–१९ संक्रामक रोगबाट सृजना हुन सक्ने स्वास्थ्य जोखिमलाई मध्यनजर गरी लोक सेवा आयोगबाट सञ्चालन हुने प्रतियोगितात्मक परीक्षालाई प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

लोक सेवा आयोगले यो मापदण्ड बनाई लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : यस मापदण्डको नाम **"संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (तेस्रो संशोधन)[१]"** रहेको छ ।

(२) यो मापदण्ड आयोगबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आयोग" भन्नाले लोक सेवा आयोग संझनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले आयोग मातहतका सबै कार्यालयहरु सम्झनु पर्छ ।

(ग) "परीक्षा" भन्नाले निजामती तथा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा, प्रयोगात्मक/सीप परीक्षण, अन्तर्वार्ता, सामुहिक छलफल, प्रस्तुतिकरण लगायतका यस्तै कामहरु संझनु पर्छ ।

(घ) "जनशक्ति" भन्नाले परीक्षासँग सम्बन्धित काममा खटिने कर्मचारी तथा सो काममा खटिने अन्य व्यक्ति सम्झनु पर्दछ ।

३. परीक्षा सञ्चालन तथा व्यवस्थापन : कोभिड-१९ संक्रमणको अवस्थालाई मध्यनजर गरी आयोगबाट सञ्चालन हुने परीक्षा देहाय बमोजिम सञ्चालन गर्नु पर्नेछ:

**(क) परीक्षा केन्द्र र जनशक्ति व्यवस्थापन:**

(१) नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड लागु गर्ने गरी सामान्यतया दुइ सय[२] जना परीक्षार्थीको लागि एक परीक्षा केन्द्र कायम गर्ने । एउटा कोठामा सामान्यतया पच्चिस जना परीक्षार्थी रहने गरी व्यवस्थापन गरिनेछ । तर परीक्षा हल ठूलो भएमा स्वास्थ्य सुरक्षा मापदण्ड पुरा हुने भौतिक दुरी कायम गरी एउटै कोठा/हलमा खण्ड छुट्याई अलग-अलग हाजिरीको व्यवस्थापन गरी परीक्षा व्यवस्थापन गर्न सकिनेछ ।

(२) सामान्यतया एउटा भवनमा एक भन्दा बढी परीक्षा केन्द्र राखिने छैन तर पर्याप्त स्थान/भवन भएको अवस्थामा सोही स्थानमा एक भन्दा बढी केन्द्र पनि राख्न सकिनेछ ।

---

[१] तेस्रो संशोधनद्वारा थप

[२] तेस्रो संशोधनद्वारा संशोधित

(३) ...................[३]

(४) परीक्षा केन्द्रमा तोकिएको जनशक्तिले अपुग भई परीक्षा सञ्चालन गर्न कठिनाई भएमा सो को कारण सहित कार्यालय प्रमुखको स्वीकृति लिई केन्द्राध्यक्षले थप जनशक्ति परिचालन गरी परीक्षा सञ्चालन गर्न सकिनेछ ।

**(ख) केन्द्राध्यक्षले गर्नु पर्ने काम :**

(१) परीक्षामा खटिने जनशक्तिलाई यस कार्यविधिको पालना गर्ने/गराउने सम्बन्धमा परीक्षा सञ्चालन पूर्व आवश्यक अभिमुखीकरण गर्ने ।

(२) परीक्षामा खटिने जनशक्तिहरुलाई स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्यरूपमा पालना गर्न, मास्क, पञ्जा[४] लगाउन तथा स्यानिटाइजरको प्रयोग गर्न लगाउने ।

(३) परीक्षार्थीहरुलाई अनिवार्यरूपमा परीक्षा अवधिभर मास्क लगाउन, स्यानिटाइजरको प्रयोग गर्न भौतिक दूरी कायम गर्न लगाउने ।

(४) एक परीक्षार्थी र अर्को परीक्षार्थीका बीच स्वास्थ्य सुरक्षाको मापदण्डको पालना हुनेगरी परीक्षार्थी र आसान व्यवस्था मिलाउने ।[५]

(५) एक कोठामा एक जना सहायक केन्द्राध्यक्ष र कम्तिमा एक जना निरीक्षक रहने व्यवस्था गर्ने ।

(६) जनशक्तिको अभाव/अनुपस्थितिमा उपकेन्द्राध्यक्षले सहायक केन्द्राध्यक्षको समेत जिम्मेवारी निर्वाह गर्ने ।

(७) परीक्षा केन्द्रमा हात धुनका लागि साबुन पानी वा स्यानिटाइजरको व्यवस्था गर्ने ।

(८) परीक्षा केन्द्रमा अनावश्यक भिडभाड हुन नदिने ।

(९) परीक्षा सञ्चालन गर्दा भएको फोहोरको उचित व्यवस्थापन गर्ने, गराउने ।

(१०) ........................[६]

(११) ........................[७]

(१२) आकस्मिक प्रयोजनको लागि प्रति परीक्षा केन्द्र २० थान मास्क, सहायक केन्द्राध्यक्षको लागि ग्लोब्स ५०० एम. एल. स्यानिटाइजर र सावुन जस्ता अत्यावश्यक स्वास्थ्य सामग्री आयोग र अन्तर्गतका कार्यालयसँग समन्वय गरी व्यवस्था मिलाउने ।

---

[३] तेस्रो संशोधनद्वारा खारेज

[४] दोस्रो संशोधनद्वारा संशोधन

[५] तेस्रो संशोधनद्वारा संशोधन

[६] तेस्रो संशोधनद्वारा खारेज

[७] तेस्रो संशोधनद्वारा खारेज

(१३) प्रयोग भए नभएका सामग्रीहरुको लगत राखी प्रयोग नभएका सामग्रीहरु अनिवार्यरुपमा फिर्ता गर्ने ।

(१४)परीक्षा सुरु हुन ४५ मिनेट अघि परीक्षार्थी प्रवेश घण्टी लगाउने ।

**(ग) परीक्षामा खटिने जनशक्तिले गर्नु पर्ने काम**

(१) परीक्षामा खटिने जनशक्तिले भिडभाड नगरी कार्यालयबाट उपलब्ध गराईएको स्वास्थ्य सुरक्षा सामग्री मास्क र स्यानिटाइजर आदिको प्रयोग अनिवार्यरुपमा प्रयोग गर्ने ।

(२) परीक्षामा खटिने उपकेन्द्राध्यक्षले सुरक्षा सावधानी (मास्क, स्यानिटाइजर प्रयोग) अपनाए, नअपनाएको निरीक्षण गरी सुरक्षा सतर्कता अपनाउन अभिप्रेरित गर्ने ।

(३) एक आपसमा स्वास्थ्य सुरक्षा मापदण्डको पालना हुने गरी परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्दा, परीक्षा सञ्चालन र परीक्षा हल/कोठा बाहिर निस्कदा स्वास्थ्य सुरक्षा मापदण्ड अनुसारको दुरी कायम हुने गरी आवश्यक व्यवस्था मिलाउने ।[८]

(४) प्रश्नपत्र खोल्दा, उत्तरपुस्तिका वितरण गर्दा, हाजिरी गराउँदा, प्रश्नपत्र वितरण, उत्तरपुस्तिका चेकजाँच गर्दा, थप उत्तरपुस्तिका वितरण गर्दा, उत्तरपुस्तिका बुझिलिँदा संक्रमण हुन सक्ने भएकोले उच्च सतर्कर्ता अपनाउने ।

(५) उम्मेदवारसँगको दूरी कायम गरी (मास्क समेत खोल्न लगाई) उम्मेदवारको पहिचान एकिन गरी उत्तरपुस्तिकामा सहायक केन्द्राध्यक्षले दस्तखत गर्ने ।

(६) कागजातहरु छोईसके पश्चात् प्रत्येक पटक हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने ।

(७) परीक्षामा खटिने जनशक्ति कम्तीमा एक घण्टा [९]अगावै परीक्षा केन्द्रमा प्रवेश गरिसक्नु पर्ने ।

(८) ....................[१०]

**(घ) परीक्षार्थीले पालना गर्नुपर्ने विषयहरुः**

(१) परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवार स्वयम्ले कम्तिमा मास्क, स्यानिटाइजर तथा आफ्नो लागि पिउने पानीका[११] व्यवस्था गर्नु पर्ने ।

(२) परीक्षार्थी परीक्षा शुरु हुनु एक घण्टा अगावै परीक्षा केन्द्रमा आइपुग्नु पर्ने ।

(३) उम्मेदवारले परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कदा भिडभाड नगरीकन एकापसमा [१२]स्वास्थ्य सुरक्षा मापदण्ड पालना हुने गरी भौतिक दुरी कायम गर्नु पर्ने ।

---

[८] तेस्रो संशोधनद्वारा संशोधन

[९] तेस्रो संशोधनद्वारा संशोधन

[१०] तेस्रो संशोधनद्वारा खारेज

[११] तेस्रो संशोधनद्वारा संशोधन

[१२] तेस्रो संशोधनद्वारा संशोधन

(४) परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्ने ।

(५) परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरिकन दूरी कायम गरी क्रमैसंग तोकिएको स्थानमा जानुपर्ने ।

(६) परीक्षार्थीहरु समूहमा भेला जस्ता कार्य नगर्ने ।

(७) ......................[१३]

(८) ..................[१४]

(९) [१५]आयोगले कोभिडजन्य महामारी भएको अवस्थामा परीक्षा सञ्चालन गर्दा उम्मेदवारको कोभिड सम्बन्धी विवरण यकिन गर्न आयोगले तोकेको स्वयम घोषणा फाराम भरी विद्युतीय माध्यमबाट समयमै आयोगमा पेस गर्ने । साथै आयोगबाट सञ्चालन हुने सुरक्षा निकाय तथा संगठित संस्थाको हकमा सम्बन्धित सुरक्षा निकाय तथा संगठित संस्थाले उपरोक्त बमोजिमको विवरण उम्मेदवारबाट संकलन गरी आयोगको परीक्षा सञ्चालन गर्ने शाखामा उपलब्ध गराउने ।

**(ङ) <u>परीक्षा केन्द्र/विद्यालय/कलेजले स्वास्थ्य सावधानी अपनाउनुपर्ने विषयहरुः</u>**

(१) परीक्षा केन्द्रले परीक्षार्थीलाई हात धुनको लागि साबुन पानीको व्यवस्था गरी सहयोग गर्नु पर्ने ।

(२) परीक्षा केन्द्र र परीक्षा कोठाको प्रवेशद्वार फराकिलो हुनेगरी खोलिदिनु पर्ने ।

(३) विद्यालय/कलेजबाट परीक्षा केन्द्रमा खटाइएका जनशक्तिलाई स्वास्थ्य सुरक्षाका लागि अपनाउनुपर्ने सतर्कता सम्बन्धमा अभिमुखीकरण गरी यो मापदण्ड पालना गर्न लगाउने ।

**४.** ....................[१६]

**५.** **<u>सुरक्षा सामग्री उपलब्ध गराउनु पर्ने</u> :** परीक्षा सञ्चालनको लागि परीक्षामा खटिने जनशक्तिलाई आवश्यक पर्ने सुरक्षा सामग्रीहरु (मास्क, सेनिटाइजर, ग्लोब्स, साबुन आदि) आयोग र आयोग अन्तर्गतका कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।

**६.** **<u>अनुगमन तथा निरीक्षण</u>** : (१) यस मापदण्डको पालना भए नभएको सम्बन्धमा आयोगका पदाधिकारी, सचिव तथा सुपरीवेक्षकले अनुगमन तथा निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गरी दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

---

[१३] तेस्रो संशोधनद्वारा खारेज

[१४] तेस्रो संशोधनद्वारा खारेज

[१५] तेस्रो संशोधनद्वारा थप

[१६] तेस्रो संशोधनद्वारा खारेज

**७. थप व्यवस्था गर्न सक्ने :** यस मापदण्डको विपरीत नहुने गरी आयोगका सचिवले परीक्षा सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा थप व्यवस्था गर्न सक्नेछ ।

**८. विविध**

(१) परीक्षार्थी आफू कोभिड १९ को संक्रमणबाट संक्रमित भए-नभएको स्वयम्ले आयोगको वेभ साइटमा रहेको फाराम भरी अनलाइनबाट घोषणा गर्नु पर्ने छ । संक्रमित परीक्षार्थीले आयोगले तोकेको विशेष परीक्षाकेन्द्रमा परीक्षा दिन जानु पर्ने छ । साथै सुरक्षा निकाय तथा संगठित संस्थाको हकमा संबन्धित निकायबाटै स्वयम् घोषण गर्न लगाई सो को जानकारी आयोगमा गराउनु पर्ने छ ।[१७]

(२) आयोगबाट सञ्चालन हुने प्रयोगात्मक/सीप परीक्षण सम्बन्धी परीक्षा, अन्तर्वार्ता, सामुहिक छलफल, प्रस्तुतीकरण लगायतका कार्य सञ्चालन गर्दा समेत स्वास्थ्य सुरक्षासँग सम्बन्धित विषयमा यस मापदण्डको पालना गर्नुपर्नेछ ।

(३) यस मापदण्डमा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**९. मापदण्डको पालना गर्नुपर्ने** :

(१) नेपाल सरकारद्वारा कोभिड–१९ संक्रमण सम्बन्धी जारी जनस्वास्थ्य मापदण्ड तथा यस मापदण्डको पालना गर्नु परीक्षामा खटिने जनशक्ति, परीक्षा केन्द्र, विद्यालय/कलेज, विद्यार्थी तथा सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(२) परीक्षा संचालनको कममा संक्रामक रोग नियन्त्रण तथा रोकथामसँग सम्बन्धित नेपाल सरकारवाट जारी गरिएका सबै मापदण्डहरु पालना गर्नु पर्नेछ ।

आयोगको निर्णय मितिः २०७७०६।१२ (तेस्रो संशोधन मितिः २०७८।०३।२७)

[१७] तेस्रो संशोधनद्वारा थप